# दलित छात्राहरुलाई एम.वि.वि.एस. पढ्न अनुदान कार्यान्वयन कार्यविधि, २०८१

## विदेह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तिनकौरिया , धनुषा
## मधेश प्रदेश, नेपाल

CamScanner

# दलित छात्राहरुलाई एम.वि.वि.एस. पढ्न अनुदान कार्यान्वयन कार्यविधि, २०८१

प्रस्तावना:

विदेह नगरपालिकामै दक्ष जनशक्ति उतपादनमा सहयोग पुयाउन एवं नगरपालिकाभित्रका गरिब तथा जेहेन्दार दलित छात्राहरुलाई एम.वि.वि.एस पढ्नको लागि शैक्षिक छात्रवृति दिई वालवालिका तथा युवाहरुको जीवन सुरक्षित गर्न तथा तल्लो तहसम्म रहेका स्थानीय नागरिकलाई स्थानीय सरकारको प्रत्यक्ष उपस्थितीको अनुभूति दिलाउँदै लोक कल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय समेत कायम गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम विदेह नगर कार्यपालिकाको मिति २०८१/१२/२२ मा बसेको चौबीसौं बैठकले यो एम.वि.वि.एस. पढ्नको लागि दलित छात्राहरुको शैक्षिक अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ-:

(१) यो कार्यविधिको नाम "दलित छात्राहरुलाई एम.वि.वि.एस. पढ्न अनुदान कार्यान्वयन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि विदेह नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा -: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले विदेह नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले विदेह नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।



CamScanner

(ग) "वडा" भन्नाले विदेह नगरपालिकाको वडा कार्यालयहरूलाई सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको अनुदान व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ) "अनुदान" भन्नाले आर्थिक अभाव वा सामाजिक कारणहरुले चिकित्सा शिक्षा प्राप्त गर्नबाट वञ्चित हुने जोखिममा रहेका वा नसकेका दलित समुदायका छात्रा विद्यार्थीहरुलाई नगरपालिकाबाट प्रदान गरिने नगद सम्झनुपर्छ । अनुदानको लागि नगरसभाबाट विनियोजित अनुदान वा अध्ययनको लागि अनुदान शीर्षकमा छुट्याइएको रकमबाट दफा ६ बमोजिमको समितिले निर्णय गरी दिइने अनुदान समेत सम्झनु पर्छ ।

(च) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाबाट उपलब्ध गराइने अनुदान प्राप्तिका लागि आवेदन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ ।

(छ) "लक्षित समूह" भन्नाले दलित परिवारमा जन्मिएकी अविवाहित छोरी वा जुनसुकै जातिको परिवारमा जन्म भएको भएता पनि विदेह नगरपालिकाको दलित परिवारमा वैवाहिक सम्बन्ध भएकी वुहारीलाई सम्झनुपर्छ ।

(ज) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगबाट दलित भनी सूचिकृत गरिएका दलित जातिलाई सम्झनुपर्छ ।

(झ) "शैक्षिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान बमोजिम अध्यापन गराउने शैक्षिक संस्थालाई सम्झनु पर्छ ।



CamScanner

३. शैक्षिक अनुदान प्रदान गरिने: नगरपालिकाले निम्नानुसार अनुदान प्रदान गर्ने छन:-

(१) नगरपालिकाले प्रत्येक वर्ष लक्षित समूहका परिवारहरुमध्ये आर्थिक अभाव वा सामाजिक अवस्थाका कारणहरुले आफ्ना बालबालिकालाई चिकित्सा शिक्षा प्रदान गर्न नसक्ने परिवारका सदस्यहरुलाई मात्र यस कार्यविधिको अधीनमा रही उनीहरु अध्ययनरत वा सम्वन्धित शिक्षाका लागि उपयुक्त वा नगरपालिकाले तोकेको शैक्षिक संस्थामा मात्र अध्ययन गर्न अनुदान व्यबस्थापन समितिको निर्णयानुसार रकम उपलब्ध गराउनेछ ।

(२) अनुदान रकम उपलब्ध गराउँदा सम्बन्धित विद्यार्थी, शैक्षिक संस्थाले पेश गरेको कागजातका आधारमा अनुदान व्यवस्थापन समितिले निर्णय गरे बमोजिमको रकम नगरपालिकाले सम्बन्धित विद्यार्थी, शैक्षिक संस्थालाई उपलब्ध गराउनेछ । तर सम्बन्धित विद्यार्थीलाई रकम उपलब्ध गराउनुपर्ने भएमा विद्यार्थीले नगरपालिकाक्षेत्र भित्र संचालित बैंकमा खाता खोली आफु अध्ययन गर्न चाहेको शैक्षिक संस्थाको सिफारिस पत्र प्राप्त भए पश्चात अनुदान व्यवस्थापन समितिले निर्णय गरे अनुसारको रकम कबुलियतनामा गराई निर्णय बमोजिमको रकम विद्यार्थीको बैंक खातामा जम्मा गरिदिनेछ ।

(३) अनुदान रकम विद्यार्थीको शैक्षिक संस्थामा मासिक रुपमा तिर्नु पर्ने मासिक शुल्क, भर्ना शुल्क वा सम्बन्धित शैक्षिक संस्थाले रसिद मध्ये केही वा सबै औचित्यता हेरी रसिदको



CamScanner

अध्ययनको सो मा नबढ्ने गरी अनुदान व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. शैक्षिक अनुदान प्रदान नगरिने :- नगरपालिकाबाट देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई अनुदान प्रदान गरिने छैन :-

(क) संघ तथा प्रदेश सरकारबाट वा संघ तथा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै शैक्षिक अनुदान प्राप्त गरिरहेको विद्यार्थी,

(ख) कुनै शिक्षण संस्थाबाट शैक्षिक अनुदान प्राप्त गरिरहेको विद्यार्थी,

(ग) सामाजिक संघ संस्था, अन्य कुनै निकाय वा सरोकारवालाबाट शैक्षिक अनुदान प्राप्त गरिरहेको व्यक्ति,

(घ) अध्ययनरत शैक्षिक संस्था वा शैक्षिक अनुदानका लागि सिफारिस भई पाउने पक्का भईसकेको विद्यार्थी,

(ङ) कुनै पनि फौजदारी कसुरमा दोषी प्रमाणित भएकोमा,

(च) स्थानीय जनप्रतिनिधि, नगरपालिका श्रोतबाट तलब भत्ता लिने गरी नियुक्ति भएका कर्मचारी तथा सरकारी सेवामा रहेका कर्मचारीको सन्तति भएमा ।

५. शैक्षिक अनुदान रद्द गरिने :- देहाय बमोजिमको अवस्थामा समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रद्द गर्न सक्नेछ :-

(क) निवेदनका साथ झूठ्ठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) अनुदान प्राप्त गरेको कक्षाको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्वन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्वन्धित शैक्षिक संस्थाले दफा ६ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम ।

६. शैक्षिक अनुदान व्यवस्थापन समिति :- अनुदान सम्बन्धि कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवम् व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक अनुदान व्यवस्थापन समिति रहनेछ ।

(क) नगरपालिकाका प्रमुख
- संयोजक

(ख) कार्यपालिकाका सदस्य मध्येबाट मनोनित १ जना
-सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत
- सदस्य

(घ) नगर शिक्षा समितिले तोकेको (शिक्षा समितिका सदस्य २ जना) - सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक
- सदस्य

(च) स्वस्थ शाखा प्रमुख
- सदस्य

(छ) शिक्षा शाखा प्रमुख वा शाखामा कामकाज गरिरहेको कर्मचारी - सदस्य सचिव



CamScanner

७. शैक्षिक अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :- यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) शैक्षिक अनुदानलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

ख) नगरपालिकाको निर्णय बमोजिम अनुदान शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष अनुदान प्रदान गरिने अनुसूची २ बमोजिमको संख्या र अनुदान रकम एकीन गर्ने ।

ग) अनुदान प्रदान गर्नका लागि समितिको बैठकको निर्णय मार्फत आवश्यक प्रकृया तय गरी सो प्रकृया अवलम्वन मार्फत योग्य लाभग्राही छनौट गरी अनुदान रकम तोक्ने,

घ) अनुदान प्रदान गर्ने छनौटका अनुसूची ३ बमोजिमको आधारहरु तथा मुल्यांकनका आधार तय गर्ने,

ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय उपलब्ध गराउने ।

च) वडा समिति, शिक्षा समिति, सम्वन्धित विद्यालय तथा शैक्षिक संस्थाहरुसँगको समन्वयमा अनुदान वितरण गरिएका विद्यार्थीहरुको प्रगति अनुगमन गर्ने,



CamScanner

८. छनौटको लागि सूचना प्रकाशन गर्ने -:

(१) नगरपालिकाले कम्तीमा पन्ध्र दिनको अवधि राखी यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदानका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आव्हान गरी स्थानीय स्तरमै लाभग्राहीसम्म सूचनाको पहुँच हुने गरी सूचना प्रकाशित गर्नेछ ।

(२) विशेष अवस्था वा सूचनामा तोकिएको अवधिमा कुनै पनि आवेदन नपरेमा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ तर निर्णयमा म्याद थप गर्नुपर्नाको कारण सहितको स्पष्ट निर्णय गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ -

क) अनुदान प्रदान गरिने समावेशी समूहको अनुदानको संख्या,

ग) अनुदानमा छनोट गर्ने प्राथमिकताका मुख्य आधारहरु,

घ) दरखास्तको ढाँचा,

ङ) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,

च) दरखास्त बुझाउनु पर्ने स्थान,

छ) समितिले आवश्यक ठहर्याएका अन्य विषयहरु

(४) उपदफा (३) बमोजिमको सूचना नगरपालिकाको वेभसाइट तथा फेसबुक पेज तथा वडा कार्यालय तथा नगरपालिकाको कार्यालयमा सूचना टाँस गरी प्रकाशन गरिनेछ ।



CamScanner

९. दरखास्त दिनुपर्ने -:

(१) यस कार्यविधि बमोजिम शैक्षिक अनुदान प्राप्त गर्न चाहने लक्षित समूहका इच्छुक लाभग्राहीले दफा (८) बमोजिमको सूचनामा तोकिएको अवधि भित्र सोही सूचनामा तोकिएको ढाँचामा अनुदान व्यवस्थापन समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) तोकिएको अवधिभित्र र प्रकृया पूरा नगरी दरखास्त पेश गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिमको शैक्षिक अनुदान सुविधा पाउने छैनन् ।

१०. शैक्षिक अनुदानका लागि योग्यताक्रमको सूची तयार गर्नेः दफा (८) बमोजिम माग गरिएको सूचना बमोजिम व्यवस्थापन समितिले तोकेको शैक्षिक अनुदान वितरणका लागि समितिले सूचना प्रकाशन गर्नुपुर्व शैक्षिक अनुदानको योग्यता तथा प्राथमिकीकरण सम्वन्धी निर्णय गर्नेछ ।

द्रष्टव्य -: यस दफा बमोजिम योग्यता निर्धारण गर्दा कुनै दुई वा सो भन्दा वढी विद्यार्थीले समान अंक ल्याएमा सामूदायिक विद्यालयमा अध्ययन गर्ने प्राथमिकतामा राखी अनुदान रकम वितरण गरिनेछ ।

११. लाभग्राही छनोट गर्ने -:

(१) समितिले दफा (१०) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनौटको सिफारिस विवरण सार्वजनिक समेत गर्नु पर्नेछ ।



CamScanner

(२) उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनोटको सिफारिस गर्दा समितिले कम्तीमा बीस प्रतिशतसम्म बैकल्पिक योग्यताक्रमको सूचीको विवरण समेत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) कार्यपालिकाले उपदफा (२) बमोजिमको अनुदान छनौट र वैकल्पिक योग्यताक्रमको सूची सार्वजनिक गर्नेछ र सोको जानकारी सम्बन्धित शैक्षिक संस्थालाई समेत दिनुपर्नेछ ।

(४) नगरपालिकाले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लाभग्राहीहरुको योग्यताक्रमको सूची नगरपालिकाको वेभसाइटबाट समेत प्रकाशन गर्नेछ ।

१२. कबुलियतनामा गर्नुपर्ने-:

(१) दफा १२ बमोजिम अनुदानको लागि लाभग्राही छनौट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र अनुसूची (४) बमोजिमको ढाँचामा तीन प्रति कबुलियतनामा गर्नु पर्नेछ । कबुलियतको अन्य थप विवरण समितिले थप गर्न सक्नेछ । तर शैक्षिक अनुदानकै कारण विद्यार्थीलाई थप बोझ हुनेगरी भने कुनै पनि व्यवस्था गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट सोही अध्ययनका लागि अनुदान प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी अनुदान स्वीकार गरेको भएमा अनुदानको रुपमा प्राप्त गरेको रकम तथा त्यसमा कार्यपालिकाले निर्धारण गरे



CS CamScanner

बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक/एक प्रति समिति तथा कार्यपालिका, सम्बन्धित शैक्षिक संस्था र सम्बन्धित लाभग्राही एवम् अभिभावक समेतलाई उपलब्ध गराइनेछ ।

**१३.वैकल्पिक योग्यताक्रमको सूचीमा परेको उम्मेद्वारलाई अनुदान प्रदान गर्न सकिने :-**

(१) अनुदानको लागि छनोट भएको लाभग्राहीले त्यस्तो अनुदान लिन नचाहेमा वा दफा १२ बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा (५) को अवस्था भई अनुदान प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक योग्यताक्रमको सूचीमा नाम समावेश भएका उम्मेद्वारलाई योग्यताक्रम अनुसार सोही शैक्षिक सत्र/वर्ष भित्र समावेश गरी अनुदान प्रदान गर्न सकिनेछ ।

(२) दफा (१) बमोजिम अनुदान पाउन योग्य बैकल्पिक लाभग्राही उम्मेदवारले अनुदान प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले पाँच दिन भित्रमा दफा (१२) बमोजिमको कबुलियतनामा गरी सक्नु पर्नेछ ।

(३) नगरपालिकाले शैक्षिक अनुदान बढाउन सकिने गरी निर्णय गरी थप बजेटको व्यवस्था गरिएकोमा शैक्षिक अनुदान व्यवस्थापन समितिले वैकल्पिक योग्यताक्रममा रहेका विद्यार्थीहरुका लागि समेत अनुदान उपलब्ध गराउन सक्नेछ ।



CamScanner

१४. अभिलेख राखिने :-

नगरपालिकाको युवा तथा खेलकुद शाखाले अनुदान उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राखु पर्नेछ । यस्तो अद्यावधिक विवरयण कार्यपालिका, सम्वन्धित वडा कार्यालय, शिक्षा शाखा र सम्वन्धित शैक्षिक संस्थाहरुलाई उपलब्ध गराउनु पर्नेछ । सो अद्यावधिक विवरण उपयुक्त माध्यममार्फत सार्वजनिकसमेत गर्नु पर्नेछ ।

१५. अनुदानको रकम भुक्तानी :-

दफा ११ बमोजिम अनुदानको लागि छनोट भई दफा १२ बमोजिम कबुलियतनामा गरेपछि अनुदानको रुपमा प्रदान गरिने रकम नगरपालिकाबाट सम्बन्धित अनुदान शीर्षकमा विनियोजित बजेट शीर्षकबाट नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित विद्यार्थी अध्ययनरत शैक्षिक संस्थाको बैंक खातामा पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्नेछ अथवा शैक्षिक संस्थाको सिफारिसमा सम्बन्धित विद्यार्थीको बैंक खातामा पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गरिनेछ । छात्रवृति रकम भुक्तानी गर्नु पूर्व छात्रवृति पाउने सफल उम्मेदवारको सुची सहितको निर्णय नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

१६. **अनुदान रकम भुक्तानीको सीमा :-** छात्रवृति पाउन एक जनाको मात्र दरखास्त पर्न गएको खण्डमा नगर सभाले स्वीकृत गरेको बजेट शीर्षकबाट ९०% ले हुन आउने रकम मात्र उपलब्ध गराउन सकिने छ ।



CamScanner

१७. शैक्षिक संस्था परिवर्तन गर्न नपाउने :- अनुदानमा छनौट भई अध्ययन गरिरहेको लाभग्राहीले कम्तिमा एक शैक्षिक सत्रभित्र अध्ययन गरिरहेको शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैनन् ।

१८. जानकारी गराउनु पर्नेः- यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले अनुदान प्राप्त गरेको शैक्षिक सत्रको सबै परीक्षाहरुमा भाग नलिएको भए सम्बन्धित शैक्षिक संस्थाले नगरपालिका, शिक्षा समिति, शिक्षा शाखालाई लिखित जानकारी गराउनु पर्नेछ ।

१९. पुनः **अनुदानमा छनौट गर्न नसकिने** - अनुदानमा छनौट भएको कुनै लाभग्राहीले अनुदान प्राप्त गरेको कक्षामा अध्ययन पूरा नगरेको अवस्थामा वा अध्ययन पूरा नगरी छाडेमा वा यस कार्यविधिमा तोकिए बमोजिमको अन्य शर्तहरु पूरा नगरेमा नगरपालिकाबाट प्रदान गरिने अनुदान लगायत अन्य कुनै सेवा सुविधामा पुनः सोही व्यक्तिलाई छनौट गरिने छैन । तर, काबु बाहिरको कारण वा विशेष परिस्थितीले अध्ययन छाडेको भन्ने प्रमाण सहित पेश गरेमा पुनः अनुदान पाउने वा नपाउने विषय समितिको निर्णय बमोजिम हुनेछ ।

२०. प्रतिवेदन पेश गर्ने : प्रत्येक वर्ष प्रदान गरिएका अनुदानको विवरण, अनुदान प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, अनुदानको प्रभावकारिता तथा यसको उपलब्धि मूल्यांकन, अनुदान कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ । कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन नगरसभामा समेत पेश गरी सार्वजनिक गर्नु पर्नेछ ।



CamScanner

२१. उजुरी सुनुवाई समिति :-

(१) लाभग्राही उम्मेद्वार छनौट सम्बन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेद्वार वा निजका परिवारले समितिको सिफारिस गर्ने निर्णय सार्वजनिक भएको मितिले सात दिन भित्र ठोस आधार र प्रमाण सहित सुनवाई उजुरी निवेदन दिन सक्नेछ

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा उजुरी पर्न गएमा सोको सुनुवाई नगर कार्यपालिकामा गर्न सक्नेछ ।

क) यसरी उजुरी प्राप्त भएको मितिले १५ दिन भित्र नगर कार्यपालिका बैठक बसी निर्णय दिनुपर्नेछ र सो निर्णयमा चित्त नबुझेमा सम्वन्धित प्रचलित कानुन वमोजिम माथिल्लो निकायमा जान सक्नेछन् ।

२२. बाधा अड्काउ फुकाउन सक्ने :-

यस कार्यविधिमा लेखिएको कुनै व्यंवस्था कार्यान्वयन गर्नेसम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ र त्यसरी फुकाइएको बाधा अड्चनको जानकारी नगरसभामा पेश गर्नु पर्नेछ ।

२३. खारेजी तथा बचाउ :-

यस कार्यविधिमा लेखिएका कुरामा सोहि कार्यविधि र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
विदेह न.पा. तिनकौरिया



CamScanner

अनुसूची १
(दफा ८ को उपदफा ३(ख) सँग सम्बन्धित)

| विदेह नगरपालिका | | |
|---|---|---|
| विदेह नगरपालिका, धनुषा | | |
| शैक्षिक अनुदानको लागि आवेदन फाराम | | |
| १. विद्यार्थीको नाम: | | |
| २. अध्ययनरत तह/कक्षा: | | |
| ३. स्थायी ठेगाना: | | |
| ४. लिङ्ग: | ५. जन्म मिति: | |
| ६. अपाङ्ग भएमा वर्ग खुलाउने | | |
| ७. जाति/जनजाति: | | |
| ८. अध्ययनरत शिक्षालयको नाम: | | |
| ९. अध्ययनरत शिक्षालयकोको किसिम: | | |
| १०. सम्पर्क नं. | | |
| ११. परिचयपत्र नम्बर र किसिम | | |
| १२. बुवाको नामथर: | | |
| १३. आमाको नामथर: | | |
| १५. SEE को ग्रेड: | रजिष्ट्रेशन नम्बर: | |
| १६. पारिवारिक प्रमुख आयस्रोत: (क) कृषि (ख) रोजगारी (ग) व्यापार (घ) वैदेशिक आय | | |
| स्वः घोषणा | | उल्लेख गर्ने |
| १७. अन्य कुनै निकायबाट शैक्षिक अनुदान प्राप्त गरेको वा नगरेको | | |
| १८.कुनै अनुदान आबेदन दिई सिफारिस भई पाउने पक्का भएको/नभएको | | |

| | |
|---|---|
| १९. कुनै पनि फौजदारी कसुरमा दोषी ठहर भएको/नभएको | |
| २०. सरकारी सेवामा रहेका कर्मचारी सन्तति रहेको/नरहेको | |

| मैले माथि भरेको विवरण सही छ भनि घोषणा गर्ने निवेदक/सम्बन्धित विद्यार्थीको | सिफारिस गर्ने सम्बन्धित विद्यार्थी अभिभावकको | सिफारिस गर्ने सम्बन्धित शिक्षण संस्थाका प्राचार्यको |
|---|---|---|
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |
| सम्पर्क नं. | सम्पर्क नं. | सम्पर्क नं. |

| विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको छाप | विद्यालयले भर्ने | विधालयको छाप |
|---|---|---|
| | फाराम दर्ता नम्बरः<br>फाराम दर्ता मितिः<br>फाराम दर्ता गर्नेको नामः<br>फाराम दर्ता गर्नेको हस्ताक्षरः | |

फाराम साथ अनिवार्यरुपमा पेश गर्नुपर्ने कागजातहरुः (कागजात अपुग भएमा फाराम दर्ता गर्न नहुने)

१. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
२. सम्वन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी
३. SEE/BLE उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी
४. सम्वन्धित शैक्षिक संस्थामा तिरेको शुल्कको निस्सा वा तिर्नु पर्ने रकम खुलेको सिफारिस पत्र।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र



CamScanner

# अनुसूची-२
## शैक्षिक अनुदान प्रदान गर्ने आधारहरु
## (दफा ७ को उपदफा (ख) सँग सम्बन्धित)

| शैक्षिक अनुदान प्रदान गर्ने आधारहरु | | | |
|---|---|---|---|
| क्र.स. | अनुदान प्रदान गर्ने वर्गहरु | संख्या | कैफियत |
| १ | दलित छात्राहरुको एम.वि.वि.एस. को लागि मात्र | | |
| | जम्मा | | |



CamScanner

# अनुसूची-३

## शैक्षिक अनुदान प्रदान गर्नका लागि विधार्थी छनौटको मूल्याङ्कन फारम

### (दफा ७ को उपदफा (घ) सँग सम्बन्धित)

| क्र.स. | मूल्यांकनका आधारहरु | पूर्णाङ्क | प्राप्त | कैफियत |
|---|---|---|---|---|
| १ | अध्ययनरत संस्था | ३० | | |
| क | सामुदायिक | १५ | | |
| ख | गुठी | १० | | |
| ग | अन्य | ५ | | |
| २ | पारिवारिक अवस्था | १० | | |
| क | कमजोर | ५ | | |
| ख | अति कमजोर | ५ | | |
| ३ | परिवारको प्रमुख आयस्रोत | १५ | | |
| क | कृषि | ६ | | |
| ख | वैदेशिक | ५ | | |
| ग | व्यापार | ३ | | |
| घ | रोजगारी | १ | | |
| ४ | SEE/BLE को ग्रेड | ३० | | |
| क | ३.६ वा सोभन्दा माथि | १५ | | |
| ख | २.८ देखि ३.५९ सम्म | ७ | | |
| ग | २.० देखि २.७९ सम्म | ५ | | |
| घ | २.० भन्दा कम | ३ | | |
| ५ | अन्तर्वाता | १५ | | |
| क | विषयवस्तुको ज्ञान | १० | | |
| ख | व्यक्तिगत | ५ | | |
| | जम्मा | १०० | | |



CamScanner

अनुसूची-४
(नियम १२ सँग सम्बन्धित)
# कबुलियतनामा

श्री.................................................................को नाति/नातिनी श्री.........................................................को छोरा/छोरी जिल्ला ......................विदेह नगरपालिका..........................वडा नं......... मा स्थायी बसोबास भएको मिति............................मा विदेह नगरपालिकाबाट........................................... विषयमा अध्ययनको लागि संस्था/देशमा निशुल्क/आंशिक छात्रवृति मा छनौट भएको हुनाले सो अध्ययन/तालिम पूरा हुनासाथ शैक्षिक अनुदान सम्बन्धी कार्यविधि २०८१ को अधिनमा रही गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले अनुदान वापत पाएको आर्थिक सुविधा र अध्ययन गर्दा मैले प्राप्त गरेको रकम समेत बुझाउनेछु, सो रकम मैले नबुझाएमा मेरो घर घरान बाट सरकारी बाँकी सरह अशुल गरेमा मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलियत्नामा गरी.........................................मार्फत् नगरपालिकाको कार्यालयमा बुझाएँ ।

अनुदान पाउनेको
ल्याप्चे छापः-
सही :-
नाम :-
सम्पर्क ठेगाना :-



CamScanner